जगरनाथपुर गाउँपालिका

स्थानीय राजपत्र

खण्ड :६ संख्या : ७ मिति : २०७९।०३।१२

भाग -१

## जगरनाथपुर गाउँपालिका

जगरनाथपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम जगरनाथपुर गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको निर्देशिका नं. १

## जरनाथपुर गाउँपालिकाको एमबुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९

**प्रस्तावना :** जगरनथपुर गाउँपालिका खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बसिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पर्याउनका लागि एमबुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी जगरनाथपुर गाउँपालिका, गाउँ कार्यपालिकाले देहायका निर्देशिका जारी गरेको छ ।

### परिच्छेद- १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो निर्देशिकाको नाम " जगरनाथपुर गाउँपालिका एमबुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९" रहने छ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यो निर्देशिकामा :

क) "एमबुलेनस" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एमबुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) "एमबुलेन्स जनशक्ति" भन्नाले एमबुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) "चालक" भन्नाले एमबुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले जगरनाथपुर गाउँपालिका, गाउँ कार्यपालिका, जगरनाथपु लाई सम्झनु पर्छ ।

ङ) "सेवा शुल्क" भन्नाले एमबुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको

शुल्क सम्झनु पर्छ ।

च) “सेवा” भन्नाले एमबुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एमबुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** १) एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष : - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी : - सदस्य

ग) एम्बुलेन्स रहेको सम्बन्धित वाडाको वडा अध्यक्ष : - सदस्य

घ) कार्यपालिका सदस्य मध्ये महिला/दलित/अल्पसंख्या समेतको प्रतिनिधित्व हुने गरी

गाउँपालिका अध्यक्षले मोनित गरेको १ जना : - सदस्य

ङ) गाउँपालिका स्वास्थ्य संयोजक : - सदस्य सचिव

**४. एमबुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति :**

१. गाउँपालिकाले खरिद गरी आफैले सञ्चालन गर्ने हकमा देहायको एक एमबुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

क) गाउँपालिका उपाध्यक्ष : - संयोजक

ख) स्वास्थ्य शाखा इकाई संयोजक : - सदस्य

ग) एमबुलेन्स सम्पर्क व्यक्ति : - सदस्य

घ) महिला तथा बालबालिका इकाई : - प्रमुख सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारी : - सदस्य सचिव

२. गाउँपालिकाले आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एमबुलेन्स उपदाफा (१) बमोजिम गाउँपालिकाले आफैले सञ्चालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको सञ्चालन सोहि संस्थाको व्यवस्थापन/ कार्य समितिले सञ्चालन तथा व्यवस्थापन समितिको कार्य गर्ने छ ।

३. उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक समझौता गरी हस्तान्तरण गर्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिमको सञ्चालन लतथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये

एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गण पुरक संख्या पुगेको मानिन्छ ।

५. समितिका बैठक आवश्यकता अनुसार बस्ने छ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धाण गरे बमोजिम हुनेछ ।

६. समितिका बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि समितिले निर्धाण गरे बमोजिम हुनेछ ।

७. यस गाउँपालिका अन्तगर्त सम्बन्धित वडाहरुबाट सञ्चालन हुने एमबुलेन्सहरु सम्बन्धि स्वास्थ्य संस्था व्यवस्थापन समिति वा सो समितिले गठन गरेको एमबुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति मार्फत परिचालन हुनेछ ।

**५. समितिका काम, कार्तव्य र अधिकारः** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) एमबुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नु पर्ने आचार सहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनीप दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उलांघन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने ।

ग) एमबुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्ला सम्बन्धि एमबुलेन्स सम्बन्धि दररेट निर्धारण गर्न आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु बीच आवश्यकता अनुसार एमबुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकालाई विशिष्टतालाई ध्यानमा राखी एमबुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसुचि १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरेको वा नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

३. जगरनाथपुर गाउँपालिका, जगरनाथपुर अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँ कार्यपालिकामा

कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने विशेष निर्णय गर्नेछ । अस्पताल व्यवस्थापन समितिले निर्णय गरे बमोजिम गर्भवती, दिर्घरोगी, जेष्ठ नागरिक लगायत वर्गको लागि विशेष छुट दिनेछ ।

**६. सेवा शुल्क सम्बन्धि व्यवस्था :**

१. एमबुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले कार्यपालिका तथा राजस्व परार्मश समितिले गरेको निर्णयमा उल्लेख भए अनुसारको रकम शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एमबुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तारण गरिएको हो सोहि संस्थाले एक अलग बैंक खाता/कोष खाडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा लिने वापत लिने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

४. सो कोषको सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यता चालकको तलब भत्ता, इन्धन, एमबुलेन्सको मर्मत सम्भार र एमबुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

**७. चालकको नियुक्ति र सेवा सुविधा :**

१. एमबुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले वा अस्पतालले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

२. चालकको परिश्रमीक नेपाल सरकारले तोकिएको प्रचलित तलव स्केल बमोजिम र थप सुविधा सम्झौता बमोजिम हुनेछ ।

३. चालकको रु ५ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमबो कोषबाट बेहोरिनेछ ।

४. चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसुची १ बमोजिम हुनेछ ।

५. एमबुलेन्स सेवा सुचारु हुँदा बिरामी बैठकको अवस्थामा चालकलाई भत्ता वापत समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हनेछ ।

६. चालकलाई सञ्चालक समितिको निर्णयले थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

**८. एमबुलेन्स रहने स्थान र सोको मर्मत संभार :**

१. दफा ४ को उपदफा १ बमोजिम सञ्चालन हुने एमबुलेन्सको हकमा जगरनाथपुर गाउँपालिका, जगरनाथपुर वडा नं. ३ मा रहेको विजवनिया बर्थीङ्ग सेन्टरमा र दफा ४ को उपदफा २ बमोजिम सञ्चालन हुने एमबुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

२. एमबुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५००० ।- सम्मको इस्टीमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयनुसार हुनेछ । सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३. एमबुलेन्स सञ्चालन गर्दा लगबुक अधावधीक ईन्धन खर्च, सामान्य आकास्मिक मर्मत सम्भार खर्च तथा  आम्दानी चालकले मासिक अनिवार्य रुपमा समितिमाम प्रतिवेदन गर्नुपर्नेछ ।

४. गाउँपालिकाले एमबुलेन्स सञ्चालनको लागि अस्पताल वा स्वास्थ्य शाखाको स्वास्थ्यकर्मी १ जनालाई  फोकल पर्सनको रुपमा तोकिनेछ ।

५. एमबुलेन्सको चाले अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविध :**

१. एमबुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची २ बमोजिम हुनेछ ।

२. एमबुलेन्समा सवार बिरामी, बिरामीका आफ्नत तथा स्वास्थ्यकर्मीका बिमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस  निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँ कार्यपालिकाले गर्नेछ ।

## अनुसुची -१

### (कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

### एमबुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एमबुलेन्स सञ्चालन निर्देशिका, २०७९ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमीका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एमबुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसार पोसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधैं सम्मान पूर्वक व्यहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनु पर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनैपनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वरोमा प्रयाप्त जनकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ,

८. बिरामीलाई बीच बाटोमा अलपत्र हुने गरी छाडन नहुने,

९. आफ्नो कामको शिलशिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,

१० अस्पताल पूर्व सेवा, एमबुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्‍याउनु पर्ने,

११ आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक र स्वास्थ्य संस्थालाई जनाकारी दिनुपर्ने,

१२.नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार पोसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म ………………………………………………… ठेगाना ……………………………………… ना.प्र.प.नं. …………………… जारी मिति …………………… जिल्ला , ड्राइभिङ लाइसेन्स नं. ………………… जारी मिति ………………………… ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । पर्सा जिल्ला जगरनाथपुर गाउँपालिका, जगरनाथपुरको एमबुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

**चालकको:**

दस्तखतः

नामः

मितिः

**रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:**

दस्तखतः

नामः

मितिः

**कार्यालयको छापः**

**अनुसुची -२**

**(निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित)**

“ग” वर्गको (common life support) एमबुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Oxygen Cykinder, Follow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board
- Stethoscope, BP Apparatus, Tourchlight
- Emergency Medicine

आज्ञाले,

कृष्ण नन्दन राय

प्रमुख प्रशासकीय अधिकृत